# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**

- *वार्षिक औसत मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ ।*
- *आयात २८.७ प्रतिशतले र निर्यात ४४.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष आयात १५.६ प्रतिशतले घटेको थियो भने निर्यात ०.६ प्रतिशतले बढेको थियो ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ९.८ प्रतिशत र अमेरिकी डलरमा ८.२ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु. १ अर्ब २३ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु. २८२ अर्ब ४१ करोडले बचतमा रहेको थियो ।*
- *कुल विदेशी विनिमय सञ्चिति ११ अर्ब ७५ करोड अमेरिकी डलर रहेको छ । उक्त सञ्चिति १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।*
- *विस्तृत मुद्राप्रदाय २१.८ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन २१.४ प्रतिशतले र निजी क्षेत्रमाथिको दावी २६.४ प्रतिशतले बढेको छ ।*
- *२०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको कुल निक्षेप रु.४६ खर्ब ६३ अर्ब र निजी क्षेत्रमाथिको दावी रु.४१ खर्ब ३६ अर्ब पुगेको छ ।*

## वास्तविक क्षेत्र

१. केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४.०१ प्रतिशत आर्थिक वृद्धि हुन सक्ने अनुमान छ । कृषि क्षेत्रको वृद्धि २.६४ प्रतिशत, उद्योग क्षेत्रको ५.०५ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ४.४३ प्रतिशत रहेको अनुमान छ ।

२. आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५.८३ प्रतिशत, १३.११ प्रतिशत र ६१.०६ प्रतिशत रहेको छ (तालिका १) ।

३. आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.६२ प्रतिशत पुगेको छ । कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २७.२६ प्रतिशत र ३१.४० प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०७७/७८ मा कुल जलविद्युतको जडित क्षमता वृद्धि भई १४५८ मेगावाट पुगेको छ ।

५. राष्ट्रिय पुनर्निमाण प्राधिकरणको अनुसार आर्थिक वर्ष २०७७/७८ सम्म निजी आवास तथा सरकारी भवनको पुनर्निमाणको प्रगति क्रमशः ७४.२ प्रतिशत र ९३.५ प्रतिशत रहेको छ ।

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**

| क्षेत्र | २०७५/७६ | २०७६/७७सं | २०७७/७८प्रा. |
|---|---|---|---|
| कृषि* | २४.९२ | २६.२१ | २५.८३ |
| उद्योग | १५.०२ | १३.३७ | १३.११ |
| सेवा | ६०.०६ | ६०.४२ | ६१.०६ |
| **यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | |
| **आर्थिक वृद्धिदर** | **६.६६** | **-२.०९** | **४.०१** |
| कृषि* | ५.१६ | २.२३ | २.६४ |
| उद्योग | ७.३८ | -३.६९ | ५.०५ |
| सेवा | ६.७६ | -३.९७ | ४.४३ |

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

६. आर्थिक वर्ष २०७७/७८ मा कुल पर्यटक आगमन संख्यामा ९०.९ प्रतिशतले गिरावट आई पर्यटक संख्या ७०,१२३ कायम भएको छ ।

# मुद्रास्फीति


## उपभोक्ता मुद्रास्फीति

७. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.१५ प्रतिशत रहेको थियो।

८. अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा घ्यू तथा तेल, दाल तथा गेडागुडी, सुर्तिजन्य पदार्थ र यातायात उपसमूहको वार्षिक औसत मुल्यवृद्धि क्रमश: १७.५४ प्रतिशत, १०.६५ प्रतिशत, ९.८३ प्रतिशत र ६.४१ प्रतिशत रहेको छ।

९. २०७८ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१९ प्रतिशत रहेको छ । २०७७ असारमा यस्तो मुद्रास्फीति ४.७८ प्रतिशत रहेको थियो।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति




## खाद्य तथा पेय पदार्थ मुद्रास्फीति

१०. आर्थिक वर्ष २०७७/७८ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फीति ५.०० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति ८.१६ प्रतिशत रहेको थियो।

तालिका २ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति

| विवरण | प्रतिशत | |
|---|---|---|
| | २०७६/७७ | २०७७/७८ |
| **समग्र मुद्रास्फीति** | **६.१५** | **३.६०** |
| *खाद्य तथा पेय पदार्थ* | *८.१६* | *५.००* |
| *गैर-खाद्य तथा सेवा* | *४.६१* | *२.५१* |

## गैर-खाद्य तथा सेवा मुद्रास्फीति

११. आर्थिक वर्ष २०७७/७८ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति २.५१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति ४.६१ प्रतिशत रहेको थियो।

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

१२. आर्थिक वर्ष २०७७/७८ मा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ३.३३ प्रतिशत, तराईमा ३.६८ प्रतिशत, पहाडमा ३.८७ प्रतिशत र हिमालमा २.८७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो मुद्रास्फीति क्रमश: ६.९६ प्रतिशत, ६.२९ प्रतिशत, ५.१० प्रतिशत र ४.९१ प्रतिशत रहेको थियो।

## नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१३. २०७८ असारमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ४.१९ प्रतिशत र सन् २०२१ को जुलाईमा भारतमा ५.५९ प्रतिशत रहेको छ।

## थोक मुद्रास्फीति

१४. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत थोक मुद्रास्फीति ७.६१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.८७ प्रतिशत रहेको थियो।

१५. २०७८ असारमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ८.२१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.६० प्रतिशत रहेको थियो।

### तलव तथा ज्यालादर सूचकाङ्क


१६. आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क १.६० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष यस्तो सूचकाङ्क ९.४३ प्रतिशतले वृद्धि भएको थियो ।

१७. २०७८ असारमा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क २.७६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ७.४० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा महिनामा ज्यालादर सूचकाङ्क ३.५६ प्रतिशतले वृद्धि भएकोमा तलब सूचकाङ्क यथावत रहेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१८. आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु निर्यात ४४.४ प्रतिशतले वृद्धि भई रु.१४१ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ०.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ५१.७ प्रतिशत र २७.७ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा १४.७ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा सोयाविन तेल, अलैंची, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान, ऊनी गलैंचा लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, दाल, जस्तापाता, तार, चोकर लगायतका वस्तुको निर्यात घटेको छ ।




१९. आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु आयात २८.७ प्रतिशतले वृद्धि भई रु.१५३९ अर्ब ८४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १५.६ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३२.१ प्रतिशत, २८.६ प्रतिशत र १९.६ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, एम.एस. बिलेट, चामल, सुन लगायतका वस्तुको आयात बढेको छ भने हवाईजहाजका पार्टपुर्जा, कच्चा पाम तेल, भिडियो, टेलिभिजन तथा पार्टपूर्जा, कोल्डरोल्ड सिट इन्क्वाइल, सुपारी लगायतका वस्तुको आयात घटेको छ ।

२०. निर्याततर्फ तातोपानी, कञ्चनपुर र रसुवा भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ । आयाततर्फ तातोपानी र रसुवा भन्सार कार्यालय बाहेकका नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

२१. आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु व्यापार घाटा २७.३ प्रतिशतले वृद्धि भई रु.१३९८ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा १६.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.२ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ८.२ प्रतिशत रहेको थियो ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

२२. वार्षिक विन्दुगत आधारमा २०७८ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ५.३ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ८.९ प्रतिशतले बढेको छ। २०७७ असार महिनामा २.६ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७८ असार महिनामा ३.४ प्रतिशतले घटेको छ।

### सेवा

२३. आर्थिक वर्ष २०७७/७८ मा खुद सेवा आय रु.७२ अर्ब ८५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय रु.९६ करोड ४७ लाखले घाटामा रहेको थियो ।

२४. आर्थिक वर्ष २०७७/७८ मा सेवा खाता अन्तर्गत भ्रमण आय ८८.१ प्रतिशतले कमी आई रु.७ अर्ब २७ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आय रु.६० अर्ब ८९ करोड रहेको थियो ।

२५. आर्थिक वर्ष २०७७/७८ मा सेवा खाता अन्तर्गत भ्रमण व्यय ३८.३ प्रतिशतले कमी आई रु.३२ अर्ब ८० करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.२४ अर्ब ९६ करोड रहेको छ । अघिल्लो वर्ष भ्रमण व्यय रु.५३ अर्ब १४ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.२५ अर्ब ८१ करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

२६. आर्थिक वर्ष २०७७/७८ मा विप्रेषण आप्रवाह ९.८ प्रतिशतले वृद्धि भई रु.९६१ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ०.५ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ८.२ प्रतिशतले वृद्धि भई ८ अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ३.३ प्रतिशतले घटेको थियो ।

२७. आर्थिक वर्ष २०७७/७८ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ६२.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या २०.५ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ४६.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या ३४.७ प्रतिशतले घटेको थियो ।

२८. आर्थिक वर्ष २०७७/७८ मा खुद ट्रान्सफर ९.१ प्रतिशतले वृद्धि भई रु.१०७१ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर १.५ प्रतिशतले घटेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति


२९. आर्थिक वर्ष २०७७/७८ मा चालु खाता रु.३३३ अर्ब ६७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.३३ अर्ब ७६ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष ३३ करोड ९८ लाखले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा २ अर्ब ८४ करोडले घाटामा रहेको छ।

३०. आर्थिक वर्ष २०७७/७८ मा पुँजीगत ट्रान्सफर ७.४ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २६ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ०.२ प्रतिशतले वृद्धि भई रु.१९ अर्ब ५१ करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.१४ अर्ब २१ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१९ अर्ब ४८ करोड रहेको थियो ।

३१. आर्थिक वर्ष २०७७/७८ मा शोधनान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८२ अर्ब ४१ करोडले बचतमा रहेको थियो ।

### कुल विदेशी विनिमय सञ्चिति

३२. २०७७ असार मसान्तमा रु.१४०१ अर्ब ८४ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ०.२ प्रतिशतले कमी आई २०७८ असार मसान्तमा रु.१३९९ अर्ब ३ करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकोमा २०७८ असार मसान्तमा ०.९ प्रतिशतले वृद्धि भई ११ अर्ब ७५ करोड पुगेको छ ।



चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (असार मसान्त)

३३. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७७ असार मसान्तमा रु.१२२६ अर्ब १२ करोड रहेकोमा २०७८ असार मसान्तमा १.५ प्रतिशतले वृद्धि भई रु.१२४४ अर्ब ६३ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रु.१७५ अर्ब ७१ करोड रहेकोमा २०७८ असार मसान्तमा १२.१ प्रतिशतले कमी आई रु.१५४ अर्ब ३९ करोड कायम भएको छ। २०७८ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.० प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

३४. आर्थिक वर्ष २०७७/७८ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.२ महिनाको वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०७८ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३२.८ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका छन्। २०७७ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३५.८ प्रतिशत, १०५.७ प्रतिशत र ३३.१ प्रतिशत रहेका थिए।

### बाह्य लगानी स्थिति

३५. २०७८ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.१४८१ अर्ब १२ करोड तथा दायित्व रु.१३९५ अर्ब ४ करोड रहेको छ। फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.८६ अर्ब ८ करोड रहेको छ। २०७७ असारमा यस्तो रकम रु.२४८ अर्ब ६७ करोड रहेको थियो।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३६. अन्तर्राष्ट्रिय बजारमा २०७७ असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४३.९६ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७८ असार मसान्तमा ६९.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ७४.५३ पुगेको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७७ असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८०४.६० रहेकोमा २०७८ असार मसान्तमा १.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८२३.७५ पुगेको छ।

### विनिमय दर

३७. २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.१ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्ष नेपाली रुपैयाँ ९.१ प्रतिशतले अवमूल्यन भएको थियो। २०७८ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११९.०४ पुगेको छ। २०७७ असार मसान्तमा उक्त विनिमय दर रु.१२०.३७ रहेको थियो।

## सरकारी वित्त स्थिति*

### संघीय सरकार

### वित्त घाटा/बचत

३८. आर्थिक वर्ष २०७७/७८ मा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.२६७ अर्ब ९७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.२६७ अर्ब ४५ करोडले घाटामा रहेको थियो।

### खर्च तथा राजस्व#

३९. नेपाल सरकार, अर्थमन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारको कुल खर्च रु.१०९१ अर्ब ३३ करोड रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु.११८० अर्ब ९५ करोड रहेको छ। जसमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्च क्रमशः रु.८५१ अर्ब ६८ करोड, रु.२२८ अर्ब ३० करोड र रु.१०० अर्ब ९७ करोड रहेको छ (अनुसूची-१५)।

४०. आर्थिक वर्ष २०७७/७८ मा राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.९३८ अर्ब ३२ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.७९३ अर्ब ७५ करोड रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा अन्य प्राप्ति समेत गरी संघीय सरकारले रु.९७८ अर्ब ७४ करोड स्रोत परिचालन गरेको छ (अनुसूची-१५)।

*नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभाग, सरकारी कारोबार गर्ने वाणिज्य बैंक तथा जिल्ला स्थित ८१ वटै कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रबाट प्राप्त विवरणको आधारमा तयार गरिएको।

#गत वर्षको बेरुजु संकलन बाहेक।

### ऋण परिचालन

४१. आर्थिक वर्ष २०७७/७८ मा सरकारले रु.२२४ अर्ब १ करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु.३६ अर्ब ९० करोड साँवा भुक्तानी गरेको छ। यस अवधिमा नेपाल सरकारले रु.१८७ अर्ब ११ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको ४.४ प्रतिशत हुन आउँछ। यस अवधिमा सरकारले रु.१२७ अर्ब १८ करोड वाह्य ऋण परिचालन गरेको छ।

४२. २०७८ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी वाह्य ऋण रु.९२८ अर्ब १२ करोड र आन्तरिक ऋण रु.८०० अर्ब ३२ करोड गरी कुल तिर्न बाँकी सरकारी ऋण रु.१७ खर्ब २८ अर्ब ४४ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल सरकारी ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४०.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ३६.५ प्रतिशत रहेको थियो (तालिका ३)।

**तालिका ३: सरकारी ऋणको स्थिति**

| शीर्षक | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादन सँगको अनुपात | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| वाह्य ऋण | ५९४.६१ | ८१३.९७ | ९२८.१२ | १५.४ | २०.८ | २१.८ |
| आन्तरिक ऋण | ४५२.९७ | ६१३.२१ | ८००.३२ | ११.७ | १५.७ | १८.८ |
| कुल ऋण | १०४७.५८ | १४२७.१८ | १७२८.४४ | २७.१ | ३६.५ | ४०.५ |

### नगद मौज्दात

४३. २०७८ असार मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१९४ अर्ब ७० करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ।

### प्रदेश सरकार

४४. आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारको बैंकिङ्ग कारोबारमा आधारित कुल खर्च रु.१८८ अर्ब ७५ करोड रहेको छ। समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत प्राप्ति रु.१५९ अर्ब ९५ करोड रहेको छ। यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.११८ अर्ब ५९ करोड हस्तान्तरण गरेको छ। यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.४१ अर्ब ३६ करोड परिचालन गरेका छन्।

४५. आर्थिक वर्ष २०७८/७९ का लागि विभिन्न प्रदेश सरकारहरुले कुलमा रु.२६१ अर्ब ८७ करोडको बजेट प्रस्तुत गरेका छन्। उक्त बजेटको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५.४ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष प्रदेश सरकारहरुले कुल रु.२६४ अर्ब २१ करोडको बजेट प्रस्तुत गरेका थिए (तालिका ४)।

**तालिका ४: आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक बजेट**


| प्रदेश | प्रदेशको नाम | कुल बजेट (रु. अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | प्रदेश १ | ४२.२० | ४०.९० | ३२.४७ | १.१ | १.० | ०.७ |
| २ | प्रदेश २ | ३८.७२ | ३३.५६ | ३३.७९ | १.० | ०.८ | ०.७ |
| ३ | बागमती | ४७.६ | ५१.४३ | ५७.७२ | १.२ | १.२ | १.२ |
| ४ | गण्डकी | ३२.१३ | ३४.८४ | ३०.०४ | ०.८ | ०.८ | ०.६ |
| ५ | लुम्बिनी | ३६.४१ | ३६.३५ | ४०.९६ | ०.९ | ०.९ | ०.८ |
| ६ | कर्णाली | ३४.३५ | ३३.७४ | ३६.५५ | ०.९ | ०.८ | ०.८ |
| ७ | सुदूर पश्चिम | २८.१६ | ३३.३८ | ३०.३४ | ०.७ | ०.८ | ०.६ |
| **कुल (क)** | | **२५९.५७** | **२६४.२१** | **२६१.८७** | **६.६** | **६.२** | **५.४** |

स्रोत: सम्बन्धित प्रदेशका बजेट वक्तव्यहरु।

# मौद्रिक स्थिति

### मुद्राप्रदाय

४६. आर्थिक वर्ष २०७७/७८ मा विस्तृत मुद्राप्रदाय २१.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १८.१ प्रतिशतले बढेको थियो।




४७. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १ अर्ब २३ करोड (०.१ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु. २८२ अर्ब ४१ करोड (२८.७ प्रतिशत) ले बढेको थियो।

४८. समीक्षा वर्षमा सञ्चित मुद्रा ५.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा २६.७ प्रतिशतले बढेको थियो।

### कुल आन्तरिक कर्जा

४९. आर्थिक वर्ष २०७७/७८ मा कुल आन्तरिक कर्जा २६.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा १३.६ प्रतिशतले बढेको थियो।

५०. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २६.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो दावी १२.६ प्रतिशतले बढेको थियो।

### निक्षेप परिचालन


५१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २१.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १८.७ प्रतिशतले बढेको थियो।

**तालिका ५ : बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | |
|---|---|---|---|---|---|
| | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ |
| चल्ती | ८.७ | ९.३ | ९.७ | १०.० | १०.४ |
| बचत | ३५.४ | ३४.५ | ३२.८ | ३१.९ | ३४.२ |
| मुद्दती | ४३.२ | ४४.८ | ४६.३ | ४८.६ | ४७.० |
| अन्य | १२.७ | ११.३ | ११.२ | ९.५ | ८.४ |

५२. २०७८ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः १०.४ प्रतिशत, ३४.२ प्रतिशत र ४७.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः १० प्रतिशत, ३१.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको थियो।

५३. २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४२.७ प्रतिशत रहेको छ। २०७७ असार मसान्तमा यस्तो निक्षेपको अंश ४४.३ प्रतिशत रहेको थियो।




### कर्जा प्रवाह

५४. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २७.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १२ प्रतिशतले बढेको थियो।

५५. समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह २७.८ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह ३०.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा प्रवाह ६.३ प्रतिशतले घटेको छ।

५६. २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६६.१ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.७ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७७ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६५.७ प्रतिशत र १३ प्रतिशत रहेको थियो ।

५७. आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा ४३.६ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २०.६ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १८.४ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २०.४ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २६.२ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा २०.९ प्रतिशतले बढेको छ ।

५८. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २९.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा २९.८ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ४८.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा २५.४ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १५.८ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ११०.८ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ७.७ प्रतिशतले घटेको छ ।

### तरलता व्यवस्थापन

५९. समीक्षा वर्षमा रिभर्स रिपोमार्फत् रु.१०९ अर्ब ५४ करोड र निक्षेप संकलन बोलकबोलमार्फत् रु.१९३ अर्ब ७५ करोड गरी कुल रु.३०३ अर्ब २९ करोड तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.७८ अर्ब तरलता प्रशोचन भएको थियो ।

६०. आर्थिक वर्ष २०७७/७८ मा रिपोमार्फत् रु. ६७ अर्ब ९४ करोड र स्थायी तरलता सुविधामार्फत् रु. ३७० अर्ब ३४ करोड गरी कुल रु.४३८ अर्ब २८ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्ष रु.२१९ अर्ब १६ करोड तरलता प्रवाह भएको थियो ।

६१. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब ६२ करोड खूद खरिद गरी रु.४२८ अर्ब ५४ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब २१ करोड खरिद गरी रु.४९२ अर्ब २४ करोड तरलता प्रवाह गरिएको थियो ।

६२. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब ५४ करोड बिक्री गरी रु.५३५ अर्ब २३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर ३ अर्ब ८२ करोड लगायत अन्य विदेशी मुद्रा बिक्री गरी रु.४४२ अर्ब १३ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

### पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

६३. आर्थिक वर्ष २०७७/७८ मा कुल रु. १४८ अर्ब ७५ करोड पुनरकर्जा स्वीकृत भई २०७८ असार मसान्तमा रु. १२२ अर्ब ७० करोड लगानीमा रहेको छ ।

६४. २०७८ असार मसान्तसम्ममा १ लाख ४ हजार १०९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु. १६१ अर्ब ४४ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ४६ हजार ५७ ऋणीलाई प्रवाह भएको रु.१०६ अर्ब ९८ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ५५ हजार ५५१ महिला उद्यमीलाई प्रवाह भएको रु. ५० अर्ब ९८ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ५०१ ऋणीको रु.३ अर्ब ४८ करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ६: पुनरकर्जा कार्यविधि, २०७७ बमोजिम स्वीकृत पुनरकर्जाको विवरण (२०७८ असार मसान्त)**

| पुनरकर्जा स्वीकृतिको माध्यम | स्वीकृत रकम (अर्बमा) | ऋणी संख्या | बैंक तथा वित्तीय संस्थाको संख्या |
|---|---|---|---|
| ग्राहक मूल्यांकनमा आधारित | ४६.१४ | ३४० | ३४ |
| एकमुष्ठ प्रदान गरिने (क, ख र ग वर्ग) | ९२.३८ | ४८,५५० | ४६ |
| एकमुष्ठ प्रदान गरिने (घ वर्ग) | १०.२३ | - | २८ |
| **कुल** | **१४८.७५** | **४८,८९०** | **-** |

६५. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७८ असार मसान्तसम्ममा रु.९५ करोड ६७ लाख स्वीकृत भएको छ ।

### अन्तर-बैंक कारोबार

६६. आर्थिक वर्ष २०७७/७८ मा वाणिज्य बैंकहरुको रु.१७८२ अर्ब ९६ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.२१३ अर्ब ६२ करोड गरी कुल रु.१९९६ अर्ब ५८ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरुको रु.१५०१ अर्ब ४५ करोड र अन्य वित्तीय संस्थाहरुको रु.१२९ अर्ब ४० करोड गरी कुल रु.१६३० अर्ब ८५ करोड अन्तर बैंक कारोबार भएको थियो ।

### ब्याजदर

६७. २०७७ असारमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर १.२७ प्रतिशत रहेकोमा २०७८ असारमा ४.५५ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ असारमा ०.३५ प्रतिशत रहेकोमा २०७८ असारमा ४.१२ प्रतिशत रहेको छ । मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७८ असारमा ४.१४ प्रतिशत रहेको छ ।

६८. वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ असारमा ८.५० प्रतिशत रहेकोमा २०७८ असारमा ६.८६ प्रतिशत कायम भएको छ । २०७८ असारमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ४.६५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ८.४३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्ता दरहरु क्रमश: ६.०१ प्रतिशत र १०.११ प्रतिशत रहेका थिए ।

### मर्जर/प्राप्ति

६९. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७८ असार मसान्तसम्म कुल २२९ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७१ संस्थाहरुको इजाजत खारेज हुन गई ५८ संस्था कायम भएका छन् ।

### वित्तीय पहुँच

७०. कुल ७५३ स्थानीय तहमध्ये २०७८ असारसम्म ७५० तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७७ असारसम्म ७४७ स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए (तालिका ७) ।

**तालिका ७: स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति**

| प्रदेश | स्थानीय तहको संख्या | बैंक शाखा पुगेका स्थानीय तह | | बैंक शाखा पुग्ने क्रममा रहेका स्थानीय तह | |
|---|---|---|---|---|---|
| | | २०७७ असार | २०७८ असार | जिल्ला | गाँउपालिका |
| प्रदेश १ | १३७ | १३६ | १३७ | - | - |
| प्रदेश २ | १३६ | १३६ | १३६ | - | - |
| वागमती | ११९ | ११७ | ११८ | धादिङ | रुवीभ्याली |
| गण्डकी | ८५ | ८५ | ८५ | - | - |
| लुम्बिनी | १०९ | १०९ | १०९ | - | - |
| कर्णाली | ७९ | ७८ | ७८ | जाजरकोट | जुनीचाँदे |
| सुदूर पश्चिम | ८८ | ८६ | ८७ | बझाङ | साईपाल |
| **कुल** | ७५३ | ७४७ | ७५० | ३ | ३ |

७१. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७८ असार मसान्तमा १३३ रहेको छ । यस मध्ये २७ वाणिज्य बैंक, १८ विकास बैंक, १७ वित्त कम्पनी, ७० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असार मसान्तमा ९७६५ रहेकोमा २०७८ असार मसान्तमा १०,६८३ पुगेको छ (तालिका ८) ।

| तालिका ८: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
| | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त |
| वाणिज्य बैंक | २८ | २७ | २७ | ३५८५ | ४४३६ | ४७५३ |
| विकास बैंक | २९ | २० | १८ | १२६७ | १०२९ | १०२३ |
| वित्त कम्पनी | २३ | २२ | १७ | २०५ | २४३ | २२२ |
| लघुवित्त वित्तीय संस्था | ९० | ८५ | ७० | ३६२९ | ४०५७ | ४६८५ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१७१** | **१५५** | **१३३** | **८६८६** | **९७६५** | **१०६८३** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

**निक्षेप तथा कर्जा सुरक्षण**

७२. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७८ असार मसान्तमा ६६ बैंक तथा वित्तीय संस्थाहरुमा ३ करोड १ लाख खातामा प्राकृतिक व्यक्तिका नाममा रहेको बचत, चल्ती, कल तथा मुद्दती निक्षेप रकम रु.८११ अर्ब ६२ करोड निक्षेप सुरक्षण गरेको छ । २०७६ असार मसान्तमा २ करोड ६० लाख खातामा रहेको रु. ६८९ अर्ब ४९ करोड निक्षेप सुरक्षण गरिएको थियो ।

७३. निक्षेप तथा कर्जा सुरक्षण कोषले २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको रु. १ खर्ब ४१ अर्ब बराबरको लघु तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्योग कर्जा र कृषि कर्जा सुरक्षण गरेको छ । २०७७ असार मसान्तमा रु. ६५ अर्ब ८ करोड बराबरको यस्तो कर्जा सुरक्षण गरिएको थियो ।


## विद्युतीय भुक्तानी कारोबार

७४. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण आर्थिक वर्ष २०७७/७८ मा विद्युतीय भुक्तानी कारोबार उल्लेख्य वढेको छ (तालिका-६६) ।

## पुँजी बजार

७५. २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७८ असार मसान्तमा २८८३.४ पुगेको छ ।

७६. २०७८ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४०१० अर्ब ९६ करोड पुगेको छ । २०७७ असार मसान्तमा बजार पुँजीकरण रु. १७९२ अर्ब ७६ करोड रहेको थियो ।



चार्ट ६: नेप्से सूचकाङ्क

७७. २०७८ असारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २१९ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ४० जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ५ होटल, ५ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७७ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१२ रहेको थियो ।

७८. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६८.९ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ८.४ प्रतिशत, लगानी कम्पनीको ८.१ प्रतिशत, उत्पादन तथा प्रशोधन

उद्योगको हिस्सा ३.७ प्रतिशत, होटेलको हिस्सा १.५ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.९ प्रतिशत रहेको छ।

७९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८ असारसम्ममा सूचीकृत ५ अर्ब ८३ करोड शेयरको चुक्ता मूल्य रु.५७३ अर्ब २४ करोड रहेको छ।

८०. आर्थिक वर्ष २०७७/७८ मा रु. २ खर्ब ८४ अर्ब ९५ करोड बराबरको विकास ऋणपत्र, रु.४६ अर्ब ७४ करोड बराबरको बोनस शेयर, रु.४२ अर्ब १७ करोड बराबरको साधारण शेयर, रु.१८ अर्ब ५५ करोड बराबरको डिबेन्चर, रु.६ अर्ब ८५ करोड बराबरको म्युचुअल फण्ड र रु.५ अर्ब ५२ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.४ खर्ब ०४ अर्ब ७७ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन्।

८१. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.२३ अर्ब ४ करोड बराबरको डिबेन्चर, रु.१५ अर्ब १८ करोड बराबरको साधारण शेयर, रु.१४ अर्ब ५ करोड बराबरको हकप्रद शेयर र रु.९ अर्ब ४० करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु.६१ अर्ब ६७ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशन गर्न अनुमति दिएको छ।